"समृद्धपुतलीबजार, सुखी नगरवासी"

# पुतलीबजार नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

**स्थानीय उत्पादन बिक्री केन्द्र (कोशेली घर) स्थापना तथा सञ्चालनको प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७८/१२/१०)**

पुतलीबजार नगरपालिकाको कोशेली घर स्थापना तथा सञ्चालन कार्यविधि २०७७ को प्रावधान वमोजिम स्थानीय रुपमा उत्पादित बस्तुको खरिद, विक्री तथा बजारीकरणका लागि स्थापना हुने **स्थानीय उत्पादन बिक्री केन्द्र (कोशेली घर)** संचालन तथा व्यवस्थापनमा लागत साझेदारीमा सहयोग पुऱ्याउन आ.व. २०७८/७९ मा नगरपालिकाबाट बजेट समेत विनियोजन भएको हुँदा **स्थानीय उत्पादन बिक्री केन्द** (कोशेलीघर) सञ्चालनगर्न इच्छुक फर्म, कम्पनी संघ/संस्थाबाट यस सूचना प्रकाशन भएको १५ दिन भित्र देहायका शर्तहरुको अधिनमा रही प्रस्ताव पेश गर्नुहुन सुचित गरिन्छ । प्रस्ताव फाराम दस्तुर वापत रु. १०००। यस कार्यालयमा नगद दाखिला गरेको रसीद वा नेपाल बैंक लिमिटेड स्याङजा शाखामा रहेको खाता नं. ०७२०३००००१००१००००१ मा जम्मा गरेको भौचर, फर्म/संस्थादर्ताको प्रमाणपत्र,उद्यमीप्रमाण पत्र र कर चुक्ता प्रमाणपत्र सहित पेश गर्न सकिनेछ ।

शर्तहरु :

**स्थानीय उत्पादन बिक्री केन्द्र (कोशेली घर) सञ्चालन गर्न देहाय बमोजिमको स्थानलाई प्राथमिकता दिइनेछ :**

- ग्राहकहरुको बढी आवत जावत हुने स्थान
- उत्पादनको बढी उपयोग हुने क्षेत्र
- यातायात, सञ्चार, सुरक्षा लगायत भौतिक पूर्वाधार सुविधा भएको,
- मालसामान ढुवानी गर्न सुविधा भएको स्थान,
- मालसामान भण्डारण गर्न पर्याप्त ठाउं र सुविधा भएको स्थान,
- प्रचलित कानून अनुसार कोशेली घर खोल्न कुनै वाधा नभएको स्थान,

**स्थानीय उत्पादन बिक्री केन्द्र (कोशेली घर) सञ्चालनका लागि प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने थप कुराहरु :**

- कोशेलीघर संचालन अनुदानबाट गर्ने काम स्पस्ट उल्लेख गर्नपर्नेछ । (कोशेली घर संचालन अनुदानबाट घरभाडा, तलव भत्ता र ईन्धन खर्च बाहेकका पूंजिगत क्षेत्रमा मात्र खर्च गर्न पाईनेछ )
- सम्बन्धित प्रस्तावकको कम्तिमा ४० प्रतिशत लागत सहभागिता हुनुपर्नेछ ।
- थानीय उत्पादन बिक्री केन्द्र (कोशेली घर) सञ्चालन गर्ने व्यवसायिक योजना बनाई पेश गर्नुपर्नेछ ।
- मुख्यबजार क्षेत्र र मूख्य सडक नजिक हुनु पर्नेछ ।
- लघु उद्यमीका छाता संगठनमा आवद्ध भएको हुनु पर्नेछ ।

प्रमुख प्रशासकीयअधिकृत

रमेश घर्ति

प्रमुख प्रशासकीय अधिकृत